# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्याल

विराटचौक, मोरङ
प्रदेश नं. १, नेपाल

## खानेपानीको अवलोकन प्रतिवेदन

आ.ब. २०७८/०७९

## १. नगर परिचय :

मोरङ जिल्लाको सदरमुकाम विराटनगर देखि करिब १४ किलोमिटरको दुरीमा अबस्थित सुन्दरहरैँचा नगरपालिकाको पूर्वमा बेलबारी नगरपालिका, पश्चिममा सुनसरी जिल्ला ईटहरी उपमहानगरपालीका, उत्तरमा केरावारी गाउँपालिका तथा दक्षिणमा ग्रामथाम गाउँपालिका र बुढिगगा गाउपालिकां पर्दछ । २०७३ साल फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णयले यस नगरपालिकाको गठन भएको हो । कुनै बेला हरैँचा मोरङ जिल्लाको सदरमुकाम समेत रहेको भन्ने भनाई रहेको छ । सुन्दरदुलारी नगरपालिका र कोसीहरैँचा नगरपालिकालाई मिलाएर सुन्दरहरैँचा नगरपालिकाको गठन भएको हो । समथर भौगोलिक अबस्थिती ,उर्बरजमीन भूबनोट, सन्तुलित बाताबरण,अनुकुल हावा पानी आदिका कारण मोरङ जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरूमा बिकासका प्रचुर सम्भावना बोकेको नगरपालिकाको रूपमा यसलाई अवल नगरपालीकाको दृष्टिकोणबाट हेर्ने गरीन्छ । यसका अतिरिक्त सचेत राजनैतिक दल, श्रृजनसील नागरीक समाज र उत्प्रेरीत नगरवासी  दीगो विकास प्रेरणका भरपर्दा श्रोत रहेका छन् । १२ वटा वडामा बिभाजित यो नगरपालिका अर्धसहरी क्षेत्रको रूपमा रहेको  आर्थिक गतिविधीका लागि पुर्वाञ्चलका मुख्य बजार मध्येकै एक बजार क्षेत्रको रूपमा उदियमान सुन्दरहरैँचा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक रमणिय स्थल, सिमसार क्षेत्र ,आकर्षक र रमणिय वनक्षेत्र, धार्मिक तथा ऐतिहासिक तथा सामाजिक महत्व का क्षेत्रहरू रहेका छन् ।नगरमा औषत पारिवारीक आम्दानीमा वैदेशिक रोजगारीको सबैभन्दा ठूलो हिस्सा रहेको छ। नगरबासीको आम्दानीको अर्को मुख्य स्रोत व्यापार, कृषि तथा पशुपालन रहेको छ। परम्परागत कृषि व्यवसायको विकल्प खोजिरहेका नगरवासी आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढ्दोछ । नगरपालिका क्षेत्रभित्र रमणीय हसिना सिमसार, बुढिगंगाको किनारमा रहेको नयाँ वृन्द्रावन गौशाला,षेषनारायण, किचकगढी, बाघझोडा लयागत विभिन्न धार्मिक स्थल र अवलोकन गर्न लायक कृषि पशुपालन क्षेत्रले सबैलाई मनमोहक तुल्याउन सक्ने देखिन्छ । यस नगरक्षेत्र भएर बग्ने बुढीगंगा, गछिया, लोहन्द्रा खोला कटान र बाढिबाट हुने क्षति अभिषाप मात्र हैनकि नगरपालिकाको उर्बर कृषि क्षेत्रमा सिचाई सुबिधा उपलब्ध गर्न र नदिजन्य प्राकृतिक स्रोतको उपयोगबाट आन्तरीक आम्दानीको स्रोतवृद्धिका लागि प्रमुख आधार पनि हुन । यस नगरपालिकाको मध्यभागमा पर्ने विश्वविधालय क्षेत्र लगायतका स्थानहरू विकसित बजारमा परिणत हुदैं गएका छन् । विकासका प्रशस्त सम्भावनाहरू बोकेको यो नगरपालिका  पूर्ण खोप सुनिश्चित, खुला दिशामुक्त, पूर्ण साक्षर  घोषणा भई सकेको छ।  आधारभूत देखि माध्यमिक शिक्षा  प्रदान गर्न सामुदायिक तथा संस्थागत शिक्षण संस्थाहरुको उतिकै योगदान रहेकोछ । उच्चशिक्षा प्रदानको लागि शुकुना क्याम्पसको योगदान नगरलाई मात्रहैनकी यस क्षेत्रकै योगदानमा महत्व राख्दछ । यस  नगरका शैक्षिक संस्थाहरूमा अध्ययनका लागि स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी पालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् भने उत्पादित जनशक्ति समेत आशा र भरोशा योग्य छ। पर्यात स्रोत अभाबका कारण यस नगरपालिकामा आन्तरिक तथा बाह्य बसाइसराईको क्रम तिव्ररूपमा बढिरहेको हुदाँ व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकासा, बिधुत बिस्तार,संचार बिस्तार गर्न चुनौती रहेको छ । यस नगरमा साना ठूला गरी करिब एक दर्जन भन्दा बढी प्राकृतिक तालतलैया रहेको छन् । उपलब्ध जलवायुको आधारमा बसोबासको लागि तराईका अन्य नगरहरू भन्दा उपयुक्त मानिन्छ। ग्रामिण क्षेत्रमासमेत कच्चि धुले तथा

ग्राभेल सडकहरूमात्र भएपनि सडक सञ्जाल  विकास भइसकेको हुदा शिक्षा, स्वास्थ्य जस्ता नागरीकका आधारभूत सुविधाहरू  अन्य नगरहरूको दाँजोमा सुलभ रहेको पाईन्छ। नगरका सहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमासमेत न्यूनतम सहरी शुबिधाका शहर उन्मुख बस्ती तिब्ररूपमा बिकास भइरहेको छ। शान्त र मनोरम वातावरण १ नं. प्रदेशको राजधानी विराटनगर सडक संजलाको दृष्टिकोणले सहज पहुच लगातका कारणले यो नगरपालिका नागरीकहरूको बसोवासको आकर्षण केन्द्रको रूपमा विकास हुँदै गएको छ।

**खानेपानीको अवस्था :-**

१. खानेपानी तथा सरसफाई उपभोक्ता संस्था : ७ वटा

२. खानेपानी सुविधा पुगेको संख्या : ९७.३७ प्रतिशत

३. बोरिङ/मोटर वितरण संख्या : ३९३ वटा

**आ.ब. २०७७/०७८ को खानेपानी अवस्था :**

| | |
|---|---|
| नयाँ धारा जडान | १२०२ घरधुरी |
| एच.डि.पाइप ६३ मि.मि. व्यास | ३२४८ मिटर |
| एच.डि.पाइप ५० मि.मि. व्यास | ३८२० मिटर |

**आ.ब. २०७८/०७९ को खानेपानी अवस्था :**

| | |
|---|---|
| नयाँ धारा जडान | १४२५ घरधुरी |
| एच.डि.पाइप ६३ मि.मि. व्यास | ४७०० मिटर |
| एच.डि.पाइप ५० मि.मि. व्यास | ४१८० मिटर |
| एच.डि.पाइप ११० मि.मि. व्यास | ३५० मिटर |
| एच.डि.पाइप ९० मि.मि. व्यास | ७१० मिटर |
| एच.डि पाइप ७५ मि.मि व्यास | २९७७ मिटर |

**हालको अवस्था तथा प्रगती :**

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,
- खुल्ला ठाउँमा दिसा नभेटिएको
- साबुन पानी सहितको सुरक्षित र सफा चर्पी भएको।
- अधिकांश घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाइएको।
- विद्यालय तथा संघसंस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा भएको।

- व्यक्तिगत सरसफाइमा ध्यान पुराएको ।
- आधारभूत स्तरको खानेपानीमा सबैको पँहुच भएको ।
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामाग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको ।
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,
- फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रका व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार ल्याण्ड फिल्ड साइडको निर्माण गरी संचालनमा रहेको,






श्री इन्द्रपुर साना शहरी खाने पानी तथा सरसफाई आयोजना
उपभोक्ता समिति को कार्यालय
सुन्दरहरैंचा - १०, मोरङ







सुन्दरहरैंचा नगरपालिका, मोरङ